प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, भोजपुर
कोशी प्रदेश, नेपाल

प.सं.: २०८१/८२
च.नं.: ४५३३

मिति: २०८१/०९/२५
ने.सं. ११४५, पोहेलाथ्व १०

श्री भोजपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भोजपुर ।
श्री षडानन्द नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, दिङ्गला, भोजपुर ।
श्री साल्पासिलिछो गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चौकिडाँडा, भोजपुर ।
श्री अरुण गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, प्याउली, भोजपुर ।
श्री पौवादुङमा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, च्याङ्ग्रे, भोजपुर ।
श्री रामप्रसादराई गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, बैकुण्ठे, भोजपुर ।
श्री हतुवागढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुर ।
श्री आमचोक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, बालंखा, भोजपुर ।

श्री IT
Website तथा fb page र सूचनापाटीमा सूचना टाँस गरिदिनु।

विषयः सूचना टाँस गरी जानकारी पठाईदिने सम्वन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८१/०९/२५ मा प्रथम पटक प्रकाशित तपशिल बमोजिमका क्रियाकलापहरुको प्रस्ताव आव्हान सम्बन्धी ३० (तीस) दिने सार्वजनिक सूचना तथा सो कार्यक्रम संचालन एवं कार्यान्वयको लागि पेश गर्नु पर्ने प्रस्ताव-पत्रको नमूना, संक्षिप्त कार्ययोजनाको नमूना, लागत साझेदारी प्रतिवद्धता र समान प्रकृतिको अनुदान नलिएको स्व:घोषणा समेत यसै पत्रसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ । तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रमको नाम | क्रियाकलापको नाम | परिमाण | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|
| १ | जडिवुटी विकास कार्यक्रम | प्राकृतिक रुपमा रहेको जडीबुटी संरक्षण तथा व्यवस्थापन | १ प्याकेज | ६ |
| २ | जडिवुटी विकास कार्यक्रम | पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार | १ प्याकेज | ५ |
| ३ | जडिवुटी विकास कार्यक्रम | जडीबुटी विरुवा उत्पादन तथा खेती विस्तार | १ प्याकेज | ७ |
| ४ | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | १ वटा | ८ |
| ५ | प्रदेश हरित अभियान कार्यक्रम | स्थानीय वन समूह/सा.व.उ.स. मार्फत विरुवा उत्पादन सहयोग/अनुदान | २० हजार विरुवा | २ |

हतुवागढी ... 
घोडेटार, भोजपुर
दर्ता मिति : २०८१/९/२६
दर्ता नं. : १०२६

०८१/०९/२५
दान बहादुर श्रेष्ठ
डिभिजनल वन अधिकृत
(अधिकृतस्तर दशौं)

प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, भोजपुर

कोशी प्रदेश, नेपाल

प.सं.: २०८१/८२
च.नं.:

मिति: २०८१/०९/२५
ने.सं. ११४५, पोहेलाथ्व १०

## डिभिजन वन कार्यालय, भोजपुरको प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०९/२५ गते)

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका तपसिल बमोजिमका अनुदान क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि तपशिल बमोजिमको बजेटको व्यवस्था भएको हुँदा भोजपुर जिल्ला भित्रका ईच्छुक र योग्य साझेदारहरुले संचालन गर्न चाहेको क्रियाकलाप, उद्देश्यहरु, संचालन स्थान, कार्यक्रम संचालन प्रकृया, कार्यक्रम सम्पन्न गर्न सकिने समय सीमा, साझेदारको लगानी तथा हिस्सा, प्रस्तावित लागत अनुमान तथा डिजाईन, कार्यक्रम संचालनबाट हुन सक्ने अपेक्षित प्रतिफल, कार्यक्रमको दिगोपन, रोजगारी श्रृजना आदि विषय समावेश गरी सोको प्रस्ताव (Proposal) तयार गरी तपशिलमा उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले तीस (३०) दिन भित्र कार्यालय समय भित्र तोकिएको ढाँचामा प्रस्ताव सहित निवेदन पेश गर्नु हुन अनुरोध छ। म्याद भित्र पेश हुन आएका प्रस्तावहरुलाई मात्र तोकिएको मूल्याङ्कन समितिबाट प्रस्ताव मूल्याङ्कन, प्राविधिक परिक्षण तथा निरीक्षणका आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने सारभुत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुसँग मात्र कार्यक्रम संचालन सम्झौता गरिने व्यहोरा सरोकारवालाहरु सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

| सि.नं. | कार्यक्रमको नाम | क्रियाकलापको नाम | परिमाण | बजेट (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जडिबुटी विकास कार्यक्रम | प्राकृतिक रुपमा रहेको जडीबुटी संरक्षण तथा व्यवस्थापन | १ प्याकेज | ६ | • प्राथमिकता प्राप्त जडीबुटीहरु: चिराईतो, लौठसल्ला, ओखर, टिमुर, सतुवा, अर्गेली, पटपटे/घसिंग्रे, मजिठो, चुत्रो।<br>• सामुदायिक वन, कबुलियती वन वा निजी वनमा प्राकृतिक रुपमा रहेका जडिबुटीको संरक्षण तथा व्यवस्थापन गर्न खेती बिस्तार गर्नु पर्ने।<br>• कूल लागत अनुमानको कम्तिमा २०% लागत प्रस्तावकले व्यहोर्ने। |
| २ | " " | पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार | १ प्याकेज | ५ | • प्राथमिकता प्राप्त जडीबुटीहरु: चिराईतो, लौठसल्ला, मजिठो, ओखर, टिमुर, सतुवा, रुद्राक्ष, लोक्ता, अर्गेली, पटपटे/घसिंग्रे, चुत्रो।<br>• वन समूह/उद्यमी/किसान/संघसस्था मार्फत जडिबुटी रोपण गर्नु पर्ने।<br>• कूल लागत अनुमानको कम्तिमा २०% लागत प्रस्तावकले व्यहोर्ने। |
| ३ | " " | जडीबुटी बिरुवा उत्पादन तथा खेती बिस्तार | १ प्याकेज | ७ | • वन समूह/उद्यमी/किसान/संघसस्थाले टिमुर, दाते ओखर, लौठसल्ला, सतुवा, लप्सी आदि जडीबुटी/गै.का.व.पै.को खेती विस्तारको लागि बिरुवा माग निवेदन पेश गर्ने। |
| ४ | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | १ वटा | ८ | • सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन पार्क, हरित पार्क, उद्यान, धार्मिक वाटिका निर्माण तथा फलफूल बगैचा, हरित सौन्दर्यप्रदायक बिरुवा रोपण जस्ता कार्य गर्न प्रस्ताव पेश गर्ने।<br>• कूल लागत अनुमानको कम्तिमा १०% लागत प्रस्तावक व्यहोर्ने। |
| ५ | प्रदेश हरित अभियान कार्यक्रम | स्थानीय वन समूह/ सा.ब.उ.स. मार्फत बिरुवा उत्पादन सहयोग/अनुदान | २० हजार बिरुवा | २ | • वन समूहहरुले स्थानीय हावापानी सुहाउँदो वन, गैरकाष्ठ वन पैदावार तथा फलफुल लगायतका प्रजातिका बिरुवाहरु उत्पादन गर्नको लागि प्रस्ताव पेश गर्ने।<br>• कूल लागत अनुमानको कम्तिमा १०% लागत प्रस्तावक व्यहोर्ने। |

<u>पेश गर्नुपर्ने कागजातहरु:</u>

१) प्रस्ताव

२) प्रस्तावकको निवेदन/पत्र



Scanned with CamScanner

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, भोजपुर
कोशी प्रदेश

दावा बहादुर श्रेष्ठ
डिभिजनल वन अधिकृत
(अधिकृतस्तर दशौं)

प.सं.: २०८१/८२
च.नं.:

मितिः २०८१/०९/२५
ने.सं. ११४५, पोहेलाथ्व १०

३) निजीको हकमा:

क) नागरिकता प्रमाणपत्र र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि

ख) आ.व. २०८०/०८१ को तिरो तिरेको रसिद

४) निजी फर्म/कम्पनी/संघसंस्थाको हकमा सो को दर्ता प्रमाणपत्र/नवीकरण, स्थायी लेखा नम्बर (PAN) र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

५) वन समूहको हकमा कार्यसमितिको निर्णय र स्थायी लेखा नम्बर (PAN)

६) स्थानीय तह/सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

७) समूह/संस्थाको हकमा आ.व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन

८) समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा पत्र

९) लागत साझेदारी प्रतिवद्धता-पत्र

१०) विगत २ वर्षसम्म डिभिजन वन कार्यालय भोजपुरबाट समान प्रकृतिको अनुदान प्राप्त नगरेका प्रस्तावहरुलाई प्राथमिकता दिई छनौट गरिने व्यहोरा सरोकारवालाहरु सबैमा जानकारीको लागि अनुरोध छ ।

द्रष्टब्यः विस्तृत जानकारीको लागि कार्यालयको फोन नं. ०२९-४२०१३४, मोबाईल नं. ९८५२०८३३३३/९८५२०८३३३१ मा सम्पर्क राख्नु हुन वा तल दिईएको यस कार्यालयको QR Code स्क्यान गरी थप जानकारी लिन सकिने छ।

प्रस्ताव पेश गर्ने समय सीमा:
२०८१ माघ २५ गते कार्यालय समय भित्र

Scanned with CamScanner

## प्रस्ताव-पत्रको नमुना

| | | |
|---|---|---|
| १. | प्रस्तावकको नाम | |
| २. | ठेगाना र सम्पर्क नं. | |
| ३. | संस्था दर्ता नं. | |
| ४. | दर्ता भएको कार्यालय | |
| ५. | भ्याट/स्थायी लेखा नम्बर (PAN) | |
| ६. | हाल पेश गरेको प्रस्तावको नाम | |
| ७. | प्रस्ताव कार्यान्वयन हुने जग्गाको ठेगाना/चारकिल्ला | |
| ८. | उद्देश्यहरु | १.<br>२. |
| ९. | प्रस्तावित योजना कार्यान्वयन गर्ने स्थानमा विद्यमान भौतिक सुविधा | |
| १०. | अनुदान आवश्यक पर्ने कारण | |
| ११. | कार्यक्रम सम्पन्न गर्न लाग्ने समय | |
| १२. | लक्षित समूह/लाभान्वित संख्या | |
| १३. | कुल अनुमानित लागत तथा बजेट | |
| १४. | प्रस्तावकले साझेदारी गर्ने बजेट | |
| १५. | योजना समाप्त भएपश्चात हासिल हुने उपलब्धीहरु | १.<br>२.<br>३. |

माथि उल्लेखित सम्पूर्ण विवरणहरु सत्य साँचो छ फरक पर्ने छैन भनि सहिछाप गर्ने प्रस्तावकको नाम/दस्तखत/छापः

Scanned with CamScanner

## संक्षिप्त कार्ययोजनाको नमूना

| क.सं. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा रु. | लाभग्राही तर्फको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथि उल्लेखित सम्पूर्ण विवरणहरु सत्य साँचो छ फरक पर्ने छैन भनि सहिछाप गर्ने प्रस्तावकको नाम/दस्तखत/छाप:

## लागत साझेदारी प्रतिबद्धता

श्री डिभिजन वन कार्यालय भोजपुरको मिति ........................ मा प्रकाशित सूचना अनुसार चालु आर्थिक वर्ष ........................ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ........................................................ ........................ कार्यक्रम सञ्चालन गर्नको लागि पेश गरेको प्रस्ताव अनुसार अनुमानित कूल लागत रु. ........................ को ........... ले हुन आउने रकम रु. ...................... अक्षरुपी ........................................................ बराबरको लगानी आफ्नो आन्तरिक/व्यक्तिगत स्रोतबाट व्यहोर्ने गरी यो कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

<u>निवेदकको</u>

नाम थर:

दस्तखत:

मिति:

संस्थाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

Scanned with CamScanner

## समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

श्री डिभिजन वन कार्यालय भोजपुरको मिति ........................ मा प्रकाशित सूचना अनुसार चालु आर्थिक वर्ष .................... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ........................................................................ कार्यक्रम सञ्चालन गर्नको लागि पेश गरेको प्रस्तावसँग मेल खाने कार्यका लागि विगत २ वर्ष भित्र संघीय सरकार वा प्रदेश सरकारबाट अनुदान नलिएको स्वघोषणा गर्दछु। अन्यथा भएको पाइएमा सम्झौता रद्द भएमा मेरो मञ्जुरी छ । पछि कुनै किसिमको उजुर बाजुर गर्ने छैन ।

<u>निवेदकको</u>

नाम थर:

दस्तखत:

मिति:

संस्थाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

Scanned with CamScanner